कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३०४ | वि.सं. २०८१ फागुन १३ मंगलवार | नेपाल संवत: ११४४, फागुन कृष्ण द्वादशी | Tuesday 25 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

प्राकृतिक स्रोतमा धनी कर्णाली

## नीतिगत अल्झन र समन्वयको अभाव आन्तरिक आम्दानीका स्रोत कमजोर




**सुशील खड्का**
**सुर्खेत, १२ फागुन ।**

कर्णाली प्रदेशमा आन्तरिक आम्दानीको स्रोत प्रयाप्त भएपनि त्यसको सही सदुपयोग हुन सकेको छैन् । स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतको सही व्यवस्थापनबाट राजश्वको दर बढाएर आन्तरिक आम्दानी लिन सक्ने बलिया आधार छन् । यद्यपी, संघीयता लागू भएको सात वर्षमा उल्लेख्य स्रोत वृद्धि गर्नमा प्रदेश र स्थानीय तहका सरकार चुकिरहेका छन् ।

संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहलाई दिएको राजश्व उठाउने अधिकारमा पर्वतारोहण, विद्युत, वन, खानी खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत छन् । यी शिर्षकबाट उठेको राजश्व सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ । तर कर्णाली प्रदेशमा भने पर्वतारोहण र खानी खनिजबाट रोयल्टी उठ्न सकेको छैन भने वन शिर्षकबाट सबैभन्दा धेरै रोयल्टी उठ्ने गरेको छ ।

आर्थिक वर्ष ०७९।०८० मा १० करोड र २०८०/०८१ मा आठ करोड ७५ लाख नौ हजार आठ सय ५८ रुपैयाँ रोयल्टी वन शिर्षकबाट संकलन भएको वन निर्देशनालय सुर्खेतका वरिष्ठ वन अधिकृत सूर्यप्रसाद शर्मा बताउँछन् । 'वन डिभिजन कार्यालयहरुले काठ दाउरा विक्री वितरणका लागि पञ्चबर्षिय कार्य योजनामार्फत संकलन गरिँदै आएका थिए,' शर्मा भन्छन्, 'आठ वटा वन कार्यालयको कार्ययोजना अवधि सकिएकाले अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्षमा कम रोयल्टी संकलन भएको हो ।'

कर्णालीबाट वन शिर्षकबाट प्रयाप्त रोयल्टी उठाउन सकिने आधार छन् । वनजन्य पदार्थबाट रकम संकलनका लागि दीगो वन व्यवस्थापन सम्बन्धीको कार्यविधि स्वीकृतीको चरणमा छ । कार्यविधि लागू भएपछि रोयल्टीको ग्राफ बढ्ने आँकलन निर्देशनालयको छ । खानी खनिजतर्फ कर्णाली अथाह सम्भावना भएको प्रदेश हो ।

विभिन्न जिल्लामा सुन, फलाम, तामा, रत्नपत्थर, फास्फोराइड, चुनढुंगा, युरेनियम लगायतका ९१ वटा खानीको पहिचान भएको कर्णाली प्रदेश योजना आयोगको तथ्यांक छ । तर त्यसमध्ये ४३ वटाको मात्र सम्भाव्यता अध्ययन गरिएको छ । अध्ययन भएकामध्ये २८ वटा खानीबाट स्थानीयले लामो समयदेखि खनिज पदार्थ निकाल्ने गरेका थिए । सरकारले सुरुमा अनुमति दिएर सञ्चालनमा रहेका नौ खानीको उत्खननसमेत हाल बन्द भएको आयोगको तथ्यांक छ ।

कर्णालीमा पर्वतारोहणका लागि प्रमुख पर्यटकीय गन्तव्य काञ्जिरोवा हिमाल हो । प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा निःशुल्क हिमाल चढ्नका लागि दुई पटक सूचना प्रकाशित गर्दा आवेदन नपरेपछि हिमाल आरोहण कार्य बीचमै अलपत्र परेको छ । आरोहण दलमार्फत अन्तर्राष्ट्रियस्तरसम्म कर्णालीका हिमालको पहिचान

बाँकी ३ पेजमा

## कोहलपुरमा नेपाल प्रहरीको पेट्रोल पम्प उद्घाटन

**सरला सुवेदी**
**कोहलपुर, १२ फागुन ।**

नेपाल प्रहरीका महानिरीक्षक वसन्त बहादुर कुँवरले सोमबार एक भव्य समारोहबीच प्रहरी कल्याण कोषद्वारा निर्मित पेट्रोल पम्पको उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रममा कुँवरले भवनको निरीक्षण गर्नुका साथै कार्यालय परिसरमा वृक्षारोपण समेत गरे ।

सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीले समाजमा शान्ति सुरक्षाको साथै विभिन्न क्षेत्रमा सहकार्य गर्दै आम नागरिकलाई सेवा पुर्‍याउँदै आएको उल्लेख गरे । उनले प्रहरी पेट्रोल पम्प नेपाल प्रहरीको मात्र नभई सबै नागरिकको साझा सम्पत्ति भएको हुँदा यसले नेपाल प्रहरी तथा आम नागरिकका सवारी साधनलाई सरल र सहज रूपमा इन्धन आपूर्ति गराउने बताएका छन् । साथै, विशेष परिस्थितिमा समेत इन्धनको आवश्यकता पूर्ति गर्न सहज हुने विश्वास व्यक्त गरे ।



प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी शान्ति सुरक्षाका साथै नागरिक केन्द्रित सेवा प्रदान गर्ने राज्यको एक विश्वासिलो संस्था रहेको बताए । उनले आम नागरिकलाई निष्पक्ष सेवा प्रवाह गर्दै प्रदेशभरको शान्ति सुव्यवस्था कायम गर्न समुदायसँग सहकार्य गर्दै प्रभावकारी प्रहरी परिचालन गर्ने निर्देशन दिए ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक दान बहादुर कार्कीले धन्यवाद मन्तव्य व्यक्त गरे। त्यस्तै, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक तुल बहादुर कार्कीले स्वागत मन्तव्य दिएका थिए । उक्त उद्घाटन कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, विभिन्न संघ संस्थाका प्रमुख एवम् पदाधिकारीहरू, सञ्चारकर्मीहरू, स्थानीय बुद्धिजीवीहरू लगायत प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

नेपाल प्रहरी कल्याण कोषले कुल ६ करोड २७ लाख ६४ हजार ७ सय रुपैयाँको लागतमा उक्त पेट्रोल पम्प तथा पूर्वाधारहरूको निर्माण सम्पन्न गरेको हो । यस पम्पको सञ्चालनले नागरिक तथा प्रहरी सवारी साधनका लागि सहज, नियमित र व्यवस्थित इन्धन आपूर्तिमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छाकार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी प्रमुख डिआइजी दानबहादुर कार्कीले प्रहरी प्रमुख कुँवरलाई कृतज्ञताको चिनो प्रदान गरेका थिए ।

## 'तरल नाइट्रोजन प्लान्ट' निर्माण सुरु

**युग संवाददाता**
**सुर्खेत, १२ फागुन ।**

कर्णालीमा पशुहरुमा गरिने कृतिम गर्भाधानलाई व्यवस्थित गर्न तरल पदार्थ (विर्य) भण्डारण गर्न नाइट्रोजन प्लान्ट निर्माण हुने भएको छ । सोमबार कर्णाली सरकारका मुख्यमन्त्री यामलाल कँडेल र भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले प्लान्टको शिलान्यास गरेका हुन् ।

कृत्रिम गर्भाधानबाट उत्पादनमा हुने बृद्धिले कृषकहरुको आयस्तर बढ्ने अपेक्षासतिह प्लान्ट निर्माण सुरु गरिएको हो । चार करोड ८५ लाख लागत रहेको उक्त प्लान्ट पशुपन्छी विकास निर्देशनालयको परिसरमा निर्माण हुन लागेको छ । प्लान्ट स्थापनापछि गाई, भैंसीको नश्ल सुधार, उच्च गुणस्तरका पाडा र बाच्छा उत्पादन गर्ने लक्ष्य मन्त्रालयले राखेको छ । प्लान्टले विर्य राख्ने तरल पदार्थ उत्पादन गर्नेछ । प्रविधिको विस्तारसँगै गाईभैंसीको नश्ल सुधारको लागि उन्नत राँगो साँढेको जमेको वीर्यबाट कृत्रिम गर्भाधान कार्यलाई विस्तार गर्न प्लान्ट निर्माण गर्न लागिएको मन्त्री विनोद शाहले जानकारी दिए ।

'प्रशोधित जमेको वीर्यका स्ट्रहरु

बाँकी ४ पेजमा

BHAWANI CHHAPAKHANA
भवानी छापाखाना वीरेन्द्रनगर-६, सुर्खेत
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com
Book & Copy Production
4 Colour Design & Print
Wedding Card
Auto Stamp
Broucher Design & Print
Calender Design & Print
Screen Printing
Flex Print



## 'डोर टु डोर' पशु उपचार कार्यक्रम

**युग संवाददाता**
**बाँके, १२ फागुन ।**

बाँके जिल्लामा पशुहरूमा देखिएको बाँझोपन समस्याको समाधान गर्न 'डोर टु डोर' कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले किसानका गोठमै पुगेर समस्या पहिचान गर्दै उपचार सेवा प्रदान गरिरहेको छ ।

आइतबार खजुरा गाउँपालिकामा स्थानीय पशु सेवा शाखासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको थियो । यसअघि जानकी गाउँपालिकामा ५२ घरधुरीका ६५ गाईभैंसीको उपचार गरिएकोमा, खजुरामा ५६ घरधुरीका ५८ गाईभैंसीलाई बाँझोपन निवारण सेवा प्रदान गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ

बाँकी ४ पेजमा

**श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल**
**वीरेन्द्रनगर-०४, सुर्खेत**

**कर्मचारी आवश्यकता सम्बन्धीको सूचना**

प्रस्तुत बिषयमा यस श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल वीरेन्द्रनगर-४, भैरवस्थान सुर्खेतको केहि रिक्त कोटामा तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकाले उक्त कोटा पदपुर्ति गर्नका लागी तपशिल बमोजिम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकले दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं :** ०१

| क.स | पद | पद संख्या |
|---|---|---|
| १ | प्रबन्ध निर्देशक | १ जना |

**आकश्यक कागजात तथा योग्यताहरु**

- न्युनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक पास गरेको वा सो सरह योग्यता पुगेको ।
- शिक्षण पेशा सम्बन्धी र सामान्यतया लेखा व्यवस्थापन सम्बन्धी ज्ञान भएको ।
- उमेर : १८ वर्ष पुरा भई ५० वर्ष ननाघेका

**तलब स्केल :** बिध्यालयको नियमानुसार
**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मिति देखि ७ दिन सम्म हुनेछ ।
**थप जानकारीको लागी :** ९८५८०३०२१७ /९८५८०७०२९८/ ९८६८२९८६८२ /९८६३१५७३८१
*नोट : (प्रबन्धक निर्देशक पदका लागि मोटरसाईकल र कम्प्यूटर चलाउन सक्ने पुरुषलाई प्राथमीकता दिईने छ ।)*

**अध्यक्ष**
**सुमन नाथ योगी**

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali :- Jobkarnali.com
Tender Karnali :- Tenderkarnali.com
ebazar :- ebazar.com



## सम्पादकीय....

# सुधार गृह कि यातना स्थल ?

नेपालको संविधान २०७२ मा सभ्य समाज निर्माणमा मानव अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गर्ने व्यवस्था गरिएको छ। संविधानको भाग ३ मा धारा १६ देखि ४७ सम्म ३२ वटा मौलिक हकहरूको व्यवस्था गरिएको छ। संविधानमा नागरिक तथा राजनीतिक हक अन्तर्गत नागरिक स्वतन्त्रता, न्यायिक उपचारको हकदेखि निबारक नजरबन्दविरुद्धको हक, फौजदारी न्यायको हक, यातना विरुद्धको हकको व्यवस्था गरिएको छ। आर्थिक, सामाजिक प्रकृतिका शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ वातावरण सम्बन्धि हकको व्यवस्थासमेत संविधानले गरेको छ। संविधानको धारा १६ मा 'सम्मानपूर्वक बाँच्न पाउने हक' अन्तर्गत उपधारा (१) मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनि स्पष्ट व्यवस्था गरिएको छ। प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकमा स्वास्थ्य पनि जोडिएको छ। त्यस्तै, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले पनि प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने (जीवन रक्षाको) अधिकार प्रदान गरेको थियो। संविधानका यिनै व्यवस्था अनुरुप नेपालमा जुनसुकै नागरिक अर्थात सर्वसाधारण हुन् या कानुनीरुपमा अपराधी करार भएका व्यक्ति हुन्, ति सबैलाई सम्मानपूर्वक बाँच्न पाउने हक छ।

बिडम्बना स्वर्णिम अक्षरले संविधानमा लेखिएका तिनै हकहरुको उपयोग भने नागरिकले अझै गर्न पाएका छैनन्। मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा काम गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २०२४ मा मानव अधिकार स्थितिका बारेमा अध्ययन गरेको अध्ययनमा कर्णालीका कारागारमा बैधानिकरुपमै मानव अधिकार हननमा राज्य नै उद्दत रहेको देखाउँछ। कर्णालीका कारागारको क्षमता ६ सय ५० जनाको रहेपनि हाल एक हजार ९९ कैदीबन्दीले असहज थुनुवा जीवन बिताउँन बाध्य छन्। कारागारमा क्षमताभन्दा बढी कैदीवन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानमा राज्यले चासो नदिँदा मानव अधिकारको गम्भीर हनन् भइरहेको छ। बर्षौ पहिले निर्माण गरिएका कारागार जीर्ण अवस्थामा रहनु तथा दिनानुदिनु थपिरहने कैदीवन्दीहरुको चापले स्वास्थ्य सेवा, भोजन, सरसफाइ तथा अन्य आधारभूत सेवा उपलब्ध गराउन आवश्यक न्यूनतम संशोधनहरूको निकै अभाव छ। शिक्षा, पुनर्स्थापना कार्यक्रम तथा काम गर्ने अवसरजस्ता अन्य आवश्यकताहरू विरलै पूरा गरिएका छन्।

कारागार प्रशासनले सुरक्षा संवेदनशिलतालाई ध्यान नदिँदा कारागारभित्रै वन्दीको मृत्यु हुने अवस्थासमेत सिर्जना भइरहेको छ। विभिन्न अनुगमन गर्ने निकायहरुबाट सुझावहरु दिइएको हुन्छ तर, ति सुझावहरु प्रभावकारीरुपमा कार्यान्वयन गरेको पाइदैन। क्षमताभन्दा बढी कैदीवन्दीकै कारण कारागारभित्र झडपका घटनाहरु बढ्दै जाँदा कारागार व्यवस्थापन पक्षले बेवास्ता गरिरहेको छ। सुधार केन्द्रका नाममा कैदीवन्दीलाई थुनेर मात्रै राखिएको छ। कारागारभित्र गइसकेपछि सुधार गृहको रुपमा विभिन्न आयआर्जनमुलक व्यवसायिक तालिम, व्यवहारिक तथा नैतिक शिक्षाको व्यवस्था गर्नुपर्ने हो। यसले उनीहरुलाई कागारबाट मुक्त भएपछि समाजमा स्थापित हुन सहज हुन्छ। तर, यस्तो नभई उनीहरुलाई थुनेर मात्रै राखिए जस्तो देखिन्छ। यसो हुँदा भोली उनीहरु समाजमा गएर पुनः आपराधिक गतिविधिमा संलग्न हुने खतरा उत्तीकै छ। अपराधमा संलग्न भएकाहरुलाई सुधार गर्न खोलिएका कारागारहरु सुधार केन्द्र हुन् ? वा यातनास्थल छुट्याउन गारो छ। संवैधानिक व्यवस्था अनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भएपनि कार्यान्वयनमा ढिलासुस्तीले सयौं कैदीवन्दी सुविधाबाट बञ्चित भइरहेका छन्। विभिन्न समयमा भएका अध्ययनले दिएका कारागार सुधारका प्रतिवेदन दराजमा थन्किँदा खुला कारागारको अवधारणाले मूर्त रुप पाउन सकेको छैन। कानूनले दोषी ठहर गरेका व्यक्तिलाई कारागारमा सजाय दिनका लागि मात्रै लगिँदैन। आफू संलग्न भएको अपराधमा उसलाई आत्मसमिक्षा गराई बन्दीपछिको बाँकी जीवन समाजमा असल र नैतिकवान बनाउन सिकाउने ठाउँ हो कारागार। त्यसैले पनि कारागार व्यवस्थापनको पाटो महत्वपूर्ण छ। यसर्थ, कानुनी अपराधमा संलग्न व्यक्तिलाई थुनेर मात्रै होइन उनीहरुलाई जीवन उपयोगी सिपसँगै सुरक्षित बाँच्न पाउँने अधिकारको सुनिश्चितता राज्यले गर्नुपर्दछ। यसो हुन सके मात्रै मानव अधिकारको रक्षा हुन्छ।

# उल्झनमा अध्यादेश



उमालाल आचार्य

> प्रचण्डको पृष्ठभुमि, गतिविधि र चरीत्र बारे हिजो ओलीलाई केही थाहा नभएको हो र ? यहाँ यिनी भन्दा तिनि गतिला भन्न खोजेको हुँदै होइन, सत्तालिप्सा पदलोलुपता र मनोगत स्वार्थ मा सबै एउटै ड्याङका उत्पादन हुन।

एउटा राजनीतिले फरार बनाएको नक्कली भुटानी शरणार्थी काण्डका मुख्य अभियुक्त बेचन झालाई अर्को राजनीतिले रहस्यमय तरिकाबाट पक्राउ गरेपछि सत्तामा एकाएक नयाँ घटना उत्पन्न हुन गयो। घटनाले माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सुइँको सम्म नदिइ थाङ्नामा सुताएर एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री पदको जिम्मा दियो। जिम्मेवारी पाए बापत काँग्रेस सभापति शेरबहादुर देउवाकी धर्मपत्नी आरजु देउवालाई भुटानी शरणार्थी काण्डबाट ढुक्क जोगाइदिने मात्र होइन, शक्तिशाली मन्त्री बनाइदिनु पर्ने कबोल पनि रहेछ भन्ने बुझिन आयो।

चुनावका बेला पवित्र भन्नू कि अपवित्र भन्नु काँग्रेस माओवादी गठबन्धन थियो। चुनावको परिणामपछि प्रचण्डलाई पदको अधिक भोक लागेको चाल पाएर केपी ओलीले बल्छी थापे। ओलीको चारोमा फसेर प्रचण्डले घरीघरी धोका दिन थालेपछि देउवालाई वाक्क र दिक्क लाग्नु अस्वभाविक पनि होइन। भुटानी शरणार्थी काण्डको फाइल खोतल्दा नै आरजु देउवाको भागाभाग सुरु भएको थियो, झाको पक्राउले झन ठूलो संकट थपियो। प्रचण्डलाई सवक सिकाउन र ओलीलाई प्रधानमन्त्री स्वीकार गरि सन्निकट संकटबाट पार पाउन देउवा दम्पती सिधै बालकोट पुगे। असार १५ को दिन थियो २ घण्टासम्म दहि चिउरा खाए, अघाएर आए। बेचन झालाई पक्राउ गर्ने भित्री योजना प्रचण्ड सरकारको थियो कि सरकारलाई निर्देशन गर्ने ओलीको थियो भविष्यमा समयले खुलाउला।सता समीकरण फेरिने पक्का भएपछि राजिनामा दिन गएका एमालेका मन्त्री गणलाई प्रचण्डले फत्तेमान राजभण्डारीको यस्तो पनि हुँदोरैछ भन्ने गीत सुनाउनु, संसदमा उभिएर ममाथि ठूलो धोका भयो भनी रोइलो गर्दै तितो पोख्नु र एमालेसँग समीकरण गर्नका लागि देउवाले एकचित्त बालकोट ताक्नुबाट पनि कतै ओली नै पो हुन कि त घटनाको योजनाकार भन्नेमा शंकाको सुविधा रहन्छ।

देउवा र ओलीले बाँकी अवधिलाई मिलेर सत्ता भोग गर्ने मतो गरे। देउवालाई अघिल्लो कार्यकाल दिएर पछिल्लो उधारोमा ओलीले मञ्जुर गर्ने कुरै थिएन। त्यसमा ढिपी गर्दै देउवाले अघिल्लो कार्यकाल खान चाहेर पनि सक्दैनथे, किनकि उता पक्राउ परेका झाको बयान सुरु गर्ने तरखर पनि चलिरहेको थियो। ओलीलाई पहिलो कार्यकालको लागि प्रधानमन्त्री हुन संविधान बाधा थियो। राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा (३) बमोजिम आह्वान गरिदिए भने ठूलो पार्टी हुनुको नाताले देउवालाई रोक्न कसैले सक्दैन। त्यो अनिष्ट नआओस भनी वाचा र प्रत्याभूतिका लागि देउवा ओलीली संयुक्त रूपमा राष्ट्रपतिलाई भेटेपछि राष्ट्रपतिले धारा ७६ को (२) बमोजिम सरकार आह्वान गरेर पायक पारिदिए। एमाले र काँग्रेस बीच भएको ७ बुँदे सहमतिको पहिलो बुँदामा संविधानको धारा ७६ को (२) बमोजिम संयुक्त सरकार निर्माण गर्ने भन्ने प्रष्ट व्यहोरा यसैकारणले उल्लेख गरिएको थियो।

पटक पटक काँग्रेस र एमालेको काँधमा चढ्दै सत्ता फेरिरहने र घरीघरी विश्वासको मत लिने कार्यलाई नै जीवनको उपलब्धि ठानिरहेका प्रचण्डबाट देश हैरान थियो। ओली प्रधानमन्त्री बनेपछि निराशाको बादल हट्छ होला भन्ने जनतामा विश्वास थियो भने एमाले कार्यकर्तामा ठूलो उत्साह थियो। तर देशको प्रधानमन्त्री काठमाण्डु महानगरका मेयर र विद्युत प्राधिकरण का महाप्रबन्धकसँग भिड्न थालेपछि आलोचना पनि चढ्न थाल्यो। ओली र ओली समर्थकले ठाउँ ठाउँमा जतिसुकै बहस र तर्क गरेर जायज भने पनि हिजो उनले दुई दुई पटक गरेको संसद विघटन नाजायज नै थियो भन्ने जनताको ठम्याइ छ। गिरीबन्धु टी स्टेट को जग्गामा बदनियत राखिएको थियो भनेर अदालत बोलिसकेको अवस्थामा ओलीले संयमित भइ जनतालाई सेवा प्रवाह गर्नुको सट्टा सत्ता शक्तिको दुरुपयोग गर्दै आफ्नालाई जोगाउने र परत्रलाई डुबाइदिने नीति लिएको देखियो। रास्वपाका सभापति एवं पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले कसुर गरेको भए दण्ड सजाय हुनै पर्छ त्यसमा कसैको दुई मत भएन तर अपराध कसुर गरेका भनी मिडियामा आएका केही पात्रहरुलाई राज्यले अनुसन्धान रोकेर जोगाएको देखियो।

कोसी प्रदेशका तत्कालीन कानुनमन्त्री लीलावल्लभ अधिकारी लाई जापानमा मानव तस्करी गरेको आरोप थियो। निजलाई मुद्दा नचलाउन महान्यायाधिवक्ता दबाब दिएको कारण वरिष्ठ एकजना वकिल त्यसका विरुद्ध अदालत जाँदा अदालतले नै रिट खारेज गरेर महान्यायाधिवक्ताको निर्णय सदर गरिदिएको अवस्था थियो। एमालेका नेता तथा एक संसदीय समितिका सभापति ऋषिराम पोखेल र काँग्रेसका उपसभापति धनराज गुरुङलाई सहकारी रकम हिनामिना मुद्दामा सत्ताले अंगालो हाल्यो भन्ने आरोपलाई सरकारले चिर्न सकेन।

उनै ऋषिराम पोखरेलकि श्रीमती अञ्जला कोइराला पनि सहकारी रकम खाइ मासेको आरोपमा मुछिएपछि लामो समयसम्म फरार बनाइयो। अन्तिममा सिधै अदालतमा हाजिर गराएर सोही दिन धरौटी बुझाइ उम्कने प्रपञ्च मिलाइयो। नाबालबालिका लाई बन्धक बनाइ बालशोषण गरेको आरोप लागेकी एमाले कि नेतृ तथा लुम्बिनी प्रदेशका सांसद रेखा शर्मालाई मुद्दा नचलाउन भनी महान्यायाधिवक्तालाई दबाब दिएको कुरा मिडियामा आयो। यस्ता गतिविधिले सरकारको सुशासन लाई खिल्ली उडाइदिएको छ।

गिरीबन्धु टि स्टेटको जग्गा प्रकरणले एमालेको लोकप्रियतामा धक्का लाग्ने निश्चित हुँदाहुँदै ओलीले कसैसँग कुनै सरसल्लाह नगरी विवादिद व्यवसायीबाट पार्टीको लागि जग्गा दान लिंदा पार्टी भित्र र बाहिरबाट ठूलो विरोध भयो। पार्टी हितका पक्ष मा बोल्ने नेताहरूलाई निलम्बन र पार्टी निष्कासन सम्मको कठोर कारबाही गरियो। यस्तो अवस्थामा ओलीका विरुद्ध कसैले तातो वाफ नफाले पनि आमकार्यकर्ताको मन अवश्य उज्यालो छैन। यस्ता विवादलाई हेकुलाले पेल्दै जाने र पार्टी टुक्राउने अध्यादेश ल्याइ सपना साकार पार्ने दिशामा ओली एकाग्र हुन थाले।

पार्टी टुक्राउने अध्यादेशबाट एमालेलाई ओलीले सबैभन्दा ठूलो पार्टी बनाएर निकट भविष्यको लाभ पनि आफ्नै भागमा हाल्न खोजेको देउवाले चाल नपाउने भन्ने हुनै सक्दैनथ्यो। त्यसकारण त्यो अध्यादेशको सपना गर्भमै तुहियो। यसबाट सफलता पाउन नसकेपछि ओलीले फेरि अर्को रणनीति अख्तियार गर्न खोजेको देखिन्छ, त्यो हो भूमि सम्बन्धि अध्यादेश।

भूमि सम्बन्धि अध्यादेशबाट ओलीले दुईवटा काम एकैपटक गर्न खोजेको देखिन्छ, पहिलो गिरीबन्धु टी स्टेट काण्ड र जग्गा दान लिएको काण्डको कालो मैलो धोइ पखाली सफा पार्न, र दोस्रो भूमिहीन लाखौं जनतालाई सरकारी जग्गा वितरण गरेर आउने निर्वाचनमा अरु लोकप्रियता कमाएर शक्तिशाली बन्न। संसद खुलाउनुको सट्टा झन पर धकेलेर वा संसद छलेर ५वटा मध्ये विशेष गरि भूमि सम्बन्धि अध्यादेशलाई जसरी पनि दुई तिहाइको बलमा पारित गरिछाड्ने इरादा थियो। देखल रूपमा देउवाले पनि पारित गर्न जोडजुलुम नगरेका होइनन् तर भित्र भित्रै कतै भाँजो हालीरहेका थिएकी भन्ने अशंका पनि जान्छ, किनभने समाजवादी पार्टी मात्रै होइन सत्ता समीकरणकै साना पार्टी पनि उत्तेजित हुँदा राष्ट्रियसभाबाट पारित हुनमा मुस्किल पर्ने देखियो। किनभने जग्गा वितरण गर्दा जनताका माझमा एमाले लोकप्रिय हुने र काँग्रेस अरु खस्कने कुरा पनि देउवाले नबुझ्ने भन्ने हुँदैन।

उल्झन अल्झेर झिक्नु न घुसार्नु जस्तै भयो अध्यादेश। सहयोग पाएको र धोका खाएको सबै कुरा बुझेर पनि ओलीले देउवाको गुणगान गाउनुको विकल्प छैन। यो समीकरण टुटेपछि अथवा संगत छुटेपछि ओलीले देउवाको दोष र दुर्गुण खोतल्दै खेदो खन्न छोड्ने छैनन्। हामी एउटा जेट विमानका दुईवटा पाइलट हौं भनी कुनै दिन काँध हालेका प्रचण्डलाई यी दिनमा ओलीले जसरी कटाक्ष गरिरहेका छन, जसरी विषात्तको संज्ञामा घरी घरी चित्रण गरिरहेका छन, हो भोलि कुनै दिन यही घानमा देउवा यसरी नै नपर्लान भन्ने छैन। प्रचण्डको पृष्ठभुमि, गतिविधि र चरीत्र बारे हिजो ओलीलाई केही थाहा नभएको हो र ? यहाँ यिनी भन्दा तिनि गतिला भन्न खोजेको हुँदै होइन, सत्तालिप्सा पदलोलुपता र मनोगत स्वार्थ मा सबै एउटै ड्याङका उत्पादन हुन।

मन्त्रीपरिषदको कर्मकाण्ड सकेर संसदमा पेश हुन आएको भूमि सम्बन्धि अध्यादेश चौतर्फी आलोचनाबाट अलपत्र परेको अवस्थामा गिरीबन्धु टी स्टेटको जग्गा फैसला बमोजिम अझ सम्म सरकारले कार्यान्वयन नगरेको हुँदा कारबाही गरि पाउन सर्वोच्च अदालतमा रिट परेको छ। अदालतले ७ दिन भित्र कारण पेश गर्न सरकारलाई आदेश दिइसकेको छ। ओलीका अगाडि नैतिक प्रश्न खडा भएको देख्छन् केही विश्लेषकहरु। नैतिकता नै रसातल पुगेको अवस्थामा त्यस्ता प्रश्नले शासक लाई छेक्न सक्दैन। भोलि सरकार ढल्ला नढल्ला सरोकार भएन तर एमाले भित्र संगठन कसरी चल्ला ? उपासकहरुको होइन सच्चा कार्यकर्ताको मनोबल कसरी उठ्ला र जनतामा विश्वास कसरी पलाउला ? यी सवाल र चिन्तनले एमालेलाई भित्रभित्रै दुखाइ रहनेछ, त्यसकारण बेलैमा उपचार गर्न जरुरी देखिन्छ। अहंकारले उछारबाटो नदिएर ओलीले अवसर गुमाए भन्दा कसैलाई तितो लाग्न सक्छ तर सत्य त्यही हो।

## विश्व

# इयूका उच्च कूटनीतिज्ञ युक्रेनबारे वार्ताका लागि अमेरिका जाँदै



**ब्रसेल्स, १२ फागुन।** युरोपेली संघ (इयू)का विदेश नीति प्रमुख काजा कल्लासले आफ्ना समकक्षी मार्को रुबियोसँग वार्ताका लागि मंगलबार अमेरिका जाने बताएकी छिन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मस्कोसँग तीन वर्षदेखि जारी युद्ध अन्त्यका लागि वार्ता सुरु गरेर किएभ र यसका समर्थकहरूलाई किनारा लगाएपछि युरोप अमेरिकालाई आफ्नो आवाज सुनाउन आतुर छ।

'तपाईं (रुसी राष्ट्रपति भ्लादिमिर) पुटिनसँग जे चाहनुहुन्छ त्यही छलफल गर्न सक्नुहुन्छ। तर, यदि यो युरोप वा युक्रेनको कुरा आउँछ भने युक्रेन र युरोपले पनि यो सम्झौतामा सहमति जनाउनुपर्छ,' सोमबार इयूका विदेशमन्त्रीहरूको बैठकमा पत्रकारहरूसँग अमेरिकी राष्ट्रपतिलाई संकेत गर्दै कल्लासले भनिन्।

अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई कमजोर बनाउन चाहेको आशंकालाई बढावा दिएका छन्। उनले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीविरुद्ध व्यापक दबाब सिर्जना गरेका छन्। यसले रुसी बयानबाजीलाई प्रतिबिम्बित गर्दछ, जसमा जेलेन्स्कीलाई 'तानाशाह' पनि भनिएको छ।

'संयुक्त राज्य अमेरिकाबाट आएका सन्देशहरू हेर्ने हो भने, यो स्पष्ट छ कि त्यहाँ रुसी आवाजलाई धेरै बलियो रूपमा प्रतिनिधित्व गरिएको छ,' कल्लासले भनिन्।

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले सोमबार ह्वाइट हाउसमा अमेरिकी नेतालाई भेट्ने कार्यक्रम तय भएपछि ट्रम्प प्रशासनमा युरोपेली समुदायको बढ्दो पहुँचबिच कल्लासको वासिङ्टन भ्रमण हुन लागेको हो।

इयूका शीर्ष कूटनीतिज्ञले ब्रसेल्सका विदेशमन्त्रीहरूले किएभलाई प्रमुख हतियारको आपूर्ति बढाउने प्रस्तावमा छलफल गर्ने, तर आपूर्तिका लागि समग्र यूरो मूल्यमा सम्झौता हुने सम्भावना नरहेको बताएका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | कार्यक्षेत्रमा अनुभवको लाभ मिल्नेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। निजी कार्यमा दौडधुप धेरै गर्नुपर्ला। विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा सफलता मिल्नेछ। |
| वृष | कार्यक्षेत्रमा सहयोगीहरूको साथ मिल्नेछ। घरपरिवारमा रमाइलो र मंगल कार्यको योग छ। विद्यार्थीहरूको पढाइ लेखाइमा प्रगति हुनेछ। |
| मिथुन | व्यापार व्यवसायमा मनपर्ने इष्टमित्रको सहयोग मिल्नेछ। कार्यक्षेत्रमा बुद्धिको उपयोगले कार्य सम्पादन गर्न सकिएला। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| कर्कट | नयाँ नोकरी हात लाग्नमा सफलता पाइनेछ। धार्मिक कार्य सफल रहनेछन्। रोजगारको क्षेत्रमा नयाँ अवसरहरू मिल्नेछ। |
| सिंह | सरकारी मामिलाहरू टाल्ने प्रयास नगर्नुहोस् विवाद हुन सक्ला। लामो समयदेखि रोकिएका कार्यहरू सम्पादन हुनेछन्। |
| कन्या | कार्यक्षेत्रमा अधिकारी वर्गहरूको साथ र सहयोग मिल्नेछ। अधिकार प्राप्तिको लागि संघर्ष अलि धेरै गर्नुपर्ला। |
| तुला | सामूहिक कार्यमा सबैको कुरा सुनेर निर्णय लिँदा राम्रो सफलता मिल्नेछ। यात्रा सचेत भएर गर्नुहोला। व्यापार व्यवसायमा श्रीवृद्धि हुनेछ। |
| वृश्चिक | व्यापार व्यवसायमा अधुरा कार्य सम्पादन हुनेछन्। शुभचिन्तकहरूले पुरा साथ दिनेछन्। आँनलाइन धोखा मिल्न सक्ला सावधान रहनुहोस्। |
| धनु | मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भइनेछ। आर्थिक पक्ष मजबुत रहनेछ साथै घरको साज सजावटमा धन खर्चका योग छन्। |
| मकर | कुनै अप्रिय समाचारले मन खिन्न रहन सक्छ। कार्यक्षेत्रमा बोलिको विपरीत अर्थ लाग्नेछ। संवैधानिक पदको मर्यादालाई लिएर सावधान |
| कुम्भ | रोजगारको नयाँ अवसर प्राप्त हुनेछ। साझेदारी व्यापारमा नयाँ योजनाहरू प्रारम्भ हुनेछन्। प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। |
| मीन | विद्यार्थीहरूलाई उच्च अध्ययनमा राम्रो सफलता मिल्नेछ। वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। राजनीतिक क्षेत्रमा सफल भइनेछ। |

# ब्रिटिस लाहुरेको सपना छोडेर खेलाडी बने दीपक

**रमा केसी/रासस**
**सुर्खेत, १२ फागुन ।**

चाहना ब्रिटिस आर्मीमा भर्ती हुने र धेरै पैसा कमाउने भए पनि समय र परिस्थितिले दीपक हमाललाई त्यसो हुन दिएन। आफू र आफ्नो घरपरिवारको आर्थिक अवस्थाका कारण पनि दीपक लाहुरे हुन चाहनुहुन्थ्यो। लाहुरे भएपछि धेरै पैसा कमाउने र घरको आर्थिक अवस्थालाई बलियो बनाउने योजना थियो। तर सबैका सबै योजना पूरा कहाँ हुन्छन् अनि सबै सपनाहरू विपनामा साकार पनि त हुँदैनन्। सायद त्यसैले होला दीपकको त्यो सपना सपनामै सीमित हुने रहेछ र उहाँ खेलाडी दीपकका रूपमा अगाडि बढ्नुभयो।

विसं २०४९ असोज १५ गते सुर्खेतको छिञ्चुमा जन्मनुभएका दीपक आफ्नो सपनालाई त्यागेर उसु खेलतर्फ मोडिनु पनि समयको चक्र नै मान्नुपर्छ। विभिन्न समयमा भएका खेलहरूमा स्वर्ण र कास्य पदकको विजेता बन्नु थियो सायद। १३औँ दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता दीपक 'प्लस टू'को अध्ययन सकेपछि मात्रै पूर्ण रूपमा खेल क्षेत्रमा होमिने अवसर प्राप्त गर्नुभएको हो। सुरुमा फिटनेसका लागि खेलकुद रोज्नुभएका उसु खेलाडी दीपक पछिल्लो समय राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा चिनिनुहुन्छ। खेलजगत्ले नै उहाँलाई दीपक बनाएको छ।

दीपकले २०६८ सालमा फिटनेसका लागि सेन्सन केन्द्रीय खेलकुद परिषद्बाट उसु खेललाई रोज्नुभएको थियो। प्रकाश लामाबाट प्रशिक्षण लिएका उहाँले दुई वर्षपछि २०७० सालमा नेसनल च्याम्पियन सुरु गर्नुभएको थियो। त्यसलगत्तै उनले २०७० मा नवौँ राष्ट्रिय उसु च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नुभयो। आफ्नो डेब्यु प्रतियोगितामा उहाँले पदक त जित्न सक्नुभएन तर पनि सम्भावनाको यात्रामा पछि हट्नु भएन। लगातारको मिहेनत र निरन्तरको प्रयासले नै सम्भावनाको ढोका खोल्न भने सफल हुनुभयो उहाँ। डेब्यु प्रतियोगितामा चौथो भएका उहाँले २०७३ सालमा विराटनगरमा भएको सातौँ राष्ट्रिय खेलकुदमा मध्यपश्चिमबाट खेल्नुभएका उहाँले थाइल्यान्डमा स्वर्ण पदकसमेत जित्नुभएको थियो। यसले एकातिर हौसला र अर्कोतिर अझ दृढ भएर लाग्ने प्रेरणा मिलेको थियो उहाँलाई।

आफ्नो दोस्रो सहभागितामै स्वर्ण जित्न सफल हमालले रसियामा सन् २०१८ मा भएको १४औँ वर्ल्ड उसु च्याम्पियनसिपमा पनि उत्कृष्ट प्रदर्शन गर्न सफल हुनुभयो। पहिलो अन्तरराष्ट्रिय प्रतियोगिता खेल्नुभएका उहाँले खासै पदवी नै हात पार्न नसके पनि ६८ राष्ट्रमध्ये आफूलाई २०औँ स्थानमा उभ्याउन सफल हुनभयो।

त्यस्तै, सन् २०१९ मा चीनको सङ्घाइमा भएको १५औँ वर्ल्ड उसु च्याम्पियनसिपमा पनि उहाँ उत्कृष्ट खेलाडी २० भित्र पर्न सफल हुनुभयो। त्यसपछि स्वदेशमै आयोजना भएको १३औँ सागमा स्वर्ण जित्दै हमालले इतिहास रच्न सफल हुनुभयो। विश्वलाई हलचल बनाउने कोभिड-१९ का कारण २ वर्ष अन्तरराष्ट्रिय सहभागिता जनाउन नपाउनुभएका उहाँले गत वर्ष चीनको हाङचाओमा आयोजना भएको १९औँ एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्नुभएको थियो। उक्त प्रतियोगितामा सहभागी २० मध्ये उहाँले १२औँ स्थान हासिल गर्नुभयो। हालै चीनको जिङज्याङ सहरमा



आयोजना भएको वर्ल्ड कपको छनोटमा उहाँले दुई कास्य पदक हात पार्नुभएको थियो। उहाँले नानछ्वान र तुइलिनमा तेस्रो स्थान हात पार्नुभयो। यसले उहाँलाई अझै मिहेनतको खाँचो छ भन्ने कुरा आफैँले महसुस गराएको छ। यससँगै उहाँ आगामी अक्टोबरमा जापानमा हुने प्रतियोगितामा छनोट हुन पनि सफल बन्नुभयो। यसमा सफलता हात पार्ने मात्र होइन, आफूप्रतिको खेलको क्षेत्रको विश्वाससमेत दिलाउने गरी मिहेनत गरिरहनुभएको छ।

यतिबेला उसु वर्ल्डकपलगायतका प्रतियोगिताका लागि खेलाडीहरूले तयारी गरिरहेका छन्। 'उसु वर्ल्डकप लगायतका प्रतियोगितामा पदक जित्ने लक्ष्यसहित प्रकाश महर्जन गुरुले प्रशिक्षण गराइराखेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाल उसु महासङ्घले पनि वैदेशिक प्रशिक्षण गराउने आश्वासन दिएको छ। यसले गर्दा ममा अझै पनि हौसला थपिएको छ", उहाँ भन्नुहुन्छ, "वैदेशिक प्रशिक्षण राम्रो भएमा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा ल्याउन धेरै नै मद्दत पुऱ्याउँछ।"

एउटै खेलको दुईवटा महासङ्घ हुँदा समस्या भएको बताउनुहुन्छ, दीपक। "दुईवटा महासङ्घ हुँदा खेलाडीले दुःख भोग्नु परिरहेको छ। कुन कामका लागि कुन महासङ्घमा जाने भन्ने समस्या छ," उहाँ भन्नुहुन्छ, अन्तरराष्ट्रिय मान्यता प्राप्त महासङ्घले भने खेलाडीलाई सदैव सहयोग गर्ने प्रतिबद्धता जनाउँदै आएको छ। तर, पनि दुईवटा सङ्घ हुँदा समस्या त भइहाल्छ। एउटाले एउटा विषयको उठान गरिरहेको बेलामा अर्कोले अर्कै विषयवस्तुको उठान गरिदिन्छ।" पछिल्लो समय उसुका दुई महासङ्घ छन्। जनक बर्तौला नेतृत्व महासङ्घलाई राष्ट्रिय खेलकुद परिषद्ले मान्यता दिएको छभने वीरबहादुर लामा नेतृत्वको महासङ्घलाई नेपाल ओलम्पिक कमिटी र अन्तरराष्ट्रिय उसु महासङ्घको मान्यता छ।

बाँकी ४ पेजमा

## 'कर्णालीको हुँभन्दा गर्व लाग्छ'

दीपकले राष्ट्रिय प्रतियोगिताहरू कर्णाली प्रदेशबाट खेल्दै आउनुभएको छ। कर्णालीबाट खेल्दा आफूलाई गर्व लाग्ने दीपक बताउनुहुन्छ। "आफू जन्मिएको ठाउँ चिनाउन पाउँदा गर्व लाग्दो रहेछ। मलाई विभागीय टोलीबाट धेरैपटक 'अफर' आयो। तर मैले विभागका नामबाट भन्दा आफ्नै प्रदेशबाट खेल्ने निर्णय लिएर अहिलेसम्म अघि बढिरहेको छु", उहाँले भन्नुभयो, "कुनै पनि विभागमा गइनँ तर, विभाग बाहिरका खेलाडीका लागि समस्या नै समस्या छन्। सबैभन्दा ठूलो समस्या त आर्थिककै छ।" खेल जीवनबाट आफू सन्तुष्ट भए पनि राज्यबाट पाउनुपर्ने सेवासुविधा नपाउँदा भने निकै नै गाह्रो हुने दीपकको अनुभव पनि छ। सरकारले आश्वासन मात्र दिन्छ खेलाडीका लागि पछिसम्मको भविष्य सोचेर सेवा सुविधा दिनएको भए खेललाई अगाडि बढाउन सकिने उहाँको भनाइ छ।

कर्णाली आफैँमा दुर्गम जिल्ला हो, त्यसमा पनि खेललाई अगाडि लैजानमा निकै चुनौतीपूर्ण रहेको उहाँ बताउनुहुन्छ। उहाँ राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको विशेष प्रशिक्षणमा सहभागी हुनुभएको छ। परिषद्ले बिहानको खाजा खर्च मात्रै दिँदै आएको छ। आफ्नो घर छोडेर बाहिर बस्नुको पीडासँगै खाजा खर्चले काठमाडौँमा बसेर प्रशिक्षण गर्न निकै समस्या हुने गरेको उहाँको गुनासो छ। यसले उहाँलाई खेलबाटै अघि बढेर भविष्यका लागि खेलाडी उत्पादन गर्ने र आफू कोचका रूपमा निरन्तर क्रियाशील रहने प्रतिबद्धता जागेको छ।

सन् २०१७ मा पहिलोपल्ट रसियाका लागि नेपालबाट खेल खेल्न जाँदा प्रशिक्षकहरू साथमा नहुँदा आफूहरू एक्लो भएको महसुस भएको त्यो दिनलाई उहाँले अहिले पनि भुल्न सक्नुभएको छैन। रसिया खेल खेलियो तर आफ्नो समर्थनमा कोही नहुँदा 'नर्भस' भएर पनि खेल हारिएको हो कि जस्तो लाग्छ उहाँलाई। अन्य देशका खेलाडीहरूको उत्साहका लागि गरिएका व्यवस्थापनको व्याख्या गर्ने हो भने एउटा बनावटी कहानी जस्तो लाग्न सक्छ धेरैलाई। त्यो खेलसँगै आफ्नो प्रशिक्षकहरूको पनि साथ भएको भए सायद खेल जित्न पनि सकिन्थ्यो जस्तो उहाँलाई अहिले पनि लाग्दछ।

## नीतिगत...

गराउने उद्देश्यले ६० लाख विनियोजन गरी बोलपत्र आह्वान गरिएको थियो।

कर्णालीका हिमालमा आरोहण गराउने र अन्य क्षेत्रहरुमा ट्रेकिङमार्फत प्रचार गर्ने लक्ष्य राखिएपनि आवेदन नपरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका वरिष्ठ बन अधिकृत निरज श्रेष्ठले बताए। शाहसिक पर्यटनसँगै समग्र पर्यटकीय स्थलको प्रवर्द्धनमा मन्त्रालय कटिवद्ध भएर लागेको श्रेष्ठले जानकारी दिए। 'संविधानमै प्राकृतिक स्रोत व्यवस्थापन गर्ने उल्लेख गरिदिएको छ तर ऐन कानून नहुँदा दीगो व्यवस्थापनमा चुनौती छ,' श्रेष्ठ भन्छन्, 'प्रदेशमा रहेका खानी खनिजबाट रोयल्टी संकलनका लागि प्रदेशलाई अधिकार नहुने र लाइसेन्स अनुमतिसमेत केन्द्रबाट दिने प्रावधानका कारण व्यवस्थित बन्न सकिरहेको छैन्।'

दैलेखको नौमुले गाउँपालिकामा दुई ठाउँमा करिव आठ मेगावाट र अन्य जिल्लामा साना लघु जलविद्युतबाट १७.४१ मेगावाट विद्युत उत्पादन भइरहेको छ। राष्ट्रिय प्रशारण लाइनमा जोडिएको नौमुलेमा उत्पादित विद्युत कम्पनीले दिने रोयल्टी पछिल्लो पटक पठाउने गरिएको नौमुले गाउँपालिकाका अध्यक्ष छविराम सुवेदीको भनाई छ। रोयल्टीको सही व्यवस्थापन गर्नमा स्थानीय तहलाई चुनौती भइरहेको बेला अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले सम्बन्धित स्थानीय तहमा भएका विद्युत उत्पादनबाट आउने राजश्वले राहत पुगेको सुवेदी बताउछन्।

थोरै भएपनि नियमित आउने रोयल्टीले बजेट निर्माणमा स्थानीय तहलाई राहत पुगेको सुवेदीले उल्लेख छ। प्राकृति स्रोतबाट संकलित राजश्वमध्ये ५० प्रतिशत संघ, २५/२५ प्रतिशत प्रदेश र स्थानीय तहलाई पठाउने व्यवस्था छ। तर, अन्य प्रदेशको तुलनामा कम कर्णाली प्रदेशले १.७८ प्रतिशत मात्रै रोयल्टी पाउने गरेको छ। कर्णाली प्राकृतिक स्रोत जलस्रोत तथा वनस्रोत सबैभन्दा बढी भएको प्रदेश भए पनि परिचालन कम भइरहेको छ। यो आँकडा नेपालमा अथाह प्राकृतिक स्रोत भए पनि वित्तमा परिणत गर्न नसकेको प्रमाण हो।

प्रदेशमा रोयल्टी उठ्ने अर्को स्रोत नदी जन्य पदार्थ हो। ढुंगा, गिट्टी र बालुवाबाट उठाइने रोयल्टी स्थानीय तहले उठाउँदै आएका छन्। प्रदेशका ७९ वटा स्थानीय तहमध्य १७ स्थानीय तहले दहत्तर बहत्तरको रोयल्टी दुई करोड २४ लाख सात हजार ७१४ रुपैयाँ प्रदेशमा पठाएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। यो रोयल्टी ६० प्रतिशत स्थानीय तहले राखेर बाँकी ४० प्रतिशत प्रदेशलाई पठाएको रकम रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयका राजश्व तथा बजेट महाशाखा उपसचिव गणेशबहादुर डाँगीले जानकारी दिए। रोयल्टी उठाउने आधार अथाह भएपनि अन्य प्रदेशहरुको तुलनामा न्यून मात्रामा कर्णालीले प्राप्त गरिरहेको उनको भनाई छ। बाँडफाडबाट प्राप्त रकम न्यून रुपमा छ।

२०८०/०८१ मा राजश्व बाडफाँडबाट दुई करोड ५८ लाख रोयल्टी प्राप्त गरेको तथ्यांक मन्त्रालयसँग छ। कर्णालीका हिमाली जिल्लामा उत्पादन हुने जडीबुटी र भेरी, कर्णालीजस्ता नदीको पानीबाट मनग्य आर्थिक आम्दानी गर्न सक्ने आधारहरु छन्। संघीयता कार्यान्वयनको सात वर्ष पुगिसक्दा पनि अझै कतिपय नीति तथा कानूनहरु नबन्दा र समन्वयकारी भूमिका नहुँदा प्राकृतिक स्रोतको रोयल्टी संकलन कर्णालीमा व्यवस्थित हुन सकेको छैन्।


## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश नेपाल**

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रस्ताव आव्हान मितिः २०८१/११/१२**

उपरोक्त सम्बन्धमा यस पञ्चपुरी नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सि.न. ७२ मा रहेको युवा युवती मोटर ड्राइभिङ्ग तालिम शिर्षकमा बजेट विनियोजन भएकोले उक्त तालिम संचालन गर्न इच्छुक मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टरहरुले तपशिलका कागजात संलग्न राखि सूचना प्रकाशित भएको ७(सात) दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**
१) यस नगरपालिकामा दर्ता भएको तथा यस आ.व. मा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
२) नगरपालिका भन्दा बाहिर दर्ता तथा सञ्चालन भएका मोटर ड्राभिङ्ग ट्रेनिङ्ग सेन्टरको हकमा यो आ.व. मा सूचिकृत भएको प्रमाण।
३) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४) नेपाल सरकारले तोकेको अन्य मापदण्डहरु पुरा भएको।

**प्रमुख प्रशासकीय अधिकृत**



# Kohalpur Municipality
# Office of Municipal Executive
**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

## Re-Invitation For Sealed-Quotations

**Date Of Publication:2081/11/13 ( Feb-25-2025 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1.0 | BANKE/ KOMUN/W/SQ-03/2081/082 | Tekwando Hall Marmat at ward no. 01, and Boundary Wall Construction at ward no. 04, Kohalpur, Banke. | 45 days | 1,358,080.60 | 35,000.00 | 1000.00 | |
| 2.0 | BANKE/ KOMUN/W/SQ-04/2081/082 | Construction of Drain and Chautari at Different wards of Kohalpur Municipality. | 45 days | 1,555,260.06 | 40,000.00 | 1000.00 | |
| 3.0 | BANKE/ KOMUN/W/SQ-09/2081/082 | Finishing and Mescelleneous Work at Nepal Rastriya Aadharbhut Bidhyalaya, Kohalpur-15, Channahawa, Banke. | 45 days | 1,455,786.76 | 36,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2081/11/28 (Mar-12-2025) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2081/11/28 (Mar-12-2025) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur , Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

## ब्रिटिस....

**बाल्यकालसँगै लाहुरेको सपना**

सानैदेखि निकै चकचके स्वभावका उहाँ पढ्नमा भन्दा खेल्नमा बढी समय खर्चिन चाहनुहुन्थ्यो। दीपकको बाल्यकाल भेरीगङ्गामा नै बित्यो। १-५ कक्षासम्म उहाँ घर नजिकैको अमिलाचौर प्राथमिक विद्यालयमा अध्ययन गर्नुभएको थियो। त्यसपछि उहाँले छिञ्चु बजारमा रहेको शारदा माध्यमिक विद्यालयबाट १० कक्षा पास गरेपछि अभिभावकले छोराले राम्रोसँग पढोस् र भविष्यमा आफ्नो सहारा बनोस् भन्ने लागेर आफूले सकेको दुःखजिलो गर्दै उहाँलाई काठमाडौँ पढ्न पठाउनुभएको थियो। सानै उमेरबाट खेल्न मन पराउने उहाँमा खेललाई नै जीवन बनाउने सोच भने थिएन। उहाँ भन्नुहुन्छ, "पहिले मेरो सपना भनेको लाहुरे हुने देश र जनताका निम्ति केही गर्छु भन्ने सोचेर २०७७ सालमा ब्रिटिस लाहुरे हुन गएको थिएँ।" ब्रिटिसमा भर्ती हुन नसकेपछि शरीरलाई राम्रो बनाउन खेलमा प्रवेश गर्नुभएका थियो दीपक। उहाँ अहिले पनि खेल क्षेत्रलाई अघि बढाउने र कर्णाली देशव्यापी रूपमा कसरी चिनाउने भन्ने चिन्तामै हुनुहुन्छ। उहाँले १३ वर्ष खेल क्षेत्रमै बिताइसक्नुभएको छ। खेलकुदबाट देशका सातै प्रदेश तथा चीन, रसिया, थाइल्यान्ड, साउथ कोरिया जापानलगायतका देशमा भएका प्रतियोगिताहरूमा सहभागी भइसक्नुभएको छ।

## डोर....

केन्द्रका पशु विकास अधिकृत भोज बहादुर रावलले जानकारी दिए।

खजुराका वडा नम्बर २, ३, ४ र ८ का दुधालु गाईभैँसीमा प्रजनन विकृति निवारण गर्न कार्यक्रम सञ्चालन गरिएको पशु सेवा प्राविधिक राज बहादुर बोगटीले जनाए। अन्य वडामा समस्या देखिएमा पुनः उपचार गरिने विज्ञ केन्द्रले जनाएको छ।

उन्नत पशुहरूमा बाँझोपन समस्या बढी देखिएको भन्दै भेटेरिनरी अस्पतालका प्रमुख कमला अधिकारीले यस्तो कार्यक्रमलाई निरन्तरता दिइने बताए। पछिल्ला वर्षहरूमा बाँकेमा व्यावसायिक गाईभैँसी पालन व्यवसाय फस्टाउँदै गएकोले 'डोर टु डोर' कार्यक्रमले किसानहरूलाई थप हौसला प्रदान गर्ने उनको भनाई छ।

पशुको प्रजनन स्वास्थ्य सुधार गर्ने लक्ष्य सहित गरिएको यस कार्यक्रमबाट किसानहरूले राहत महसुस गरेको बताइएको छ। खजुरा गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष पूर्ण बहादुर भण्डारीका अनुसार, बाँझोपन समस्या समाधान भएपछि किसानहरूले गाईभैँसी सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता हट्ने तथा दुग्ध उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ।

कार्यक्रममा पशु प्रजनन कार्यालय गौघाटका डा. मिलन चौधरी सहित विभिन्न पशु स्वास्थ्य विज्ञहरूको उपस्थिति रहेको थियो। बाँकेका अन्य दुई पालिकामा पनि पशुमा बाँझोपन समस्या देखिएको निवेदन परेकाले त्यहाँ पनि यसैगरी 'डोर टु डोर' कार्यक्रम सञ्चालन गरिने विज्ञ केन्द्रले जनाएको छ।


## तरल....

संरक्षण तथा भण्डारणका लागि नभई नहुने अति आवश्यक वस्तु तरल पदार्थ नाइट्रोजन बाहिरबाट आपूर्ती गर्नुभन्दा यहीँदेखि कृत्रिम गर्भाधान केन्द्रहरुमा वितरण गर्ने लक्ष्य छ,' मन्त्री शाहले भने, 'कर्णालीमा प्लान्टले तरल नाइट्रोजन उत्पादनपछि पशुहरुमा गरिने कृत्रिम गर्भाधान कार्यलाई विस्तारले दुध उत्पादनमा वृद्धि र कृषकको आयस्तर बढ्नेमा विश्वास छ।'

कृत्रिम गर्भाधानले दुध उत्पादनमा वृद्धिसँगै कृषकहरुको समय बचत र नश्ल सुधारसँगै पशुको स्वास्थ्यसमेत फाइदा पुग्ने जनाइएको छ। राम्रो नश्लको भालेबाट संकलन गरिएको विर्य भाले खोजेको पोथी पशु (गाई, भैंसी) आदिलाई ठिक समयमा कृत्रिम तरीकाबाट राखी गर्भाधान गराउने प्रकृयालाई कृत्रिम गर्भाधान हो।

दुध र मासु उत्पादनका लागि कृत्रिम गर्भाधानद्वारा नश्ल सुधार प्रभावकारी मानिन्छ। मन्त्रालयले गत आर्थिक वर्षमा ४० लाखमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बनाएर काम अगाडी बढाएको थियो। प्रदेशमा तरल नाइट्रोजन प्लान्ट स्थापनाबाट प्रदेशलाई दूधमा आत्मनिर्भर बनाउन लगायत उन्नत जातका पाडा-बाच्छा उत्पादनमा टेवा पुग्नेछ। प्रदेश बाहिरबाट आयत गर्दै आएको पशुको वीर्य कर्णालीमै तरल नाइट्रोजनको स्थापनापछि पशुको वीर्य भण्डारण तथा कृत्रिम गर्भाधान नश्ल सुधारका लागि सहज हुनेछ।

## घुयँत्रो



यसो सुर्खेततिर घुम्न आका काँग्रेसका महामन्त्री गगन थापाले सुर्खेताँ चाइँ केई नभनेनि रोल्पा रुकुमतिर पुगेर देशाँ भष्टाचार भाकै हो भने छानविन आयोग बनामन त भनेर नेता,कार्यकर्तालाई आश्वाशन बाँडेछन। आश्वासनै खाएर आश्वाशनै लाएर जिन्दगी गुजारीरा जनतालाई दे को यो आश्वासनले परिणाम केई ल्याउँछ था छैन तर भष्टाचारको आहालमा डुबेका काँग्रेस , एमाले र माओवादिका नेतालाई अब आयोग बनाएर भष्टाचाराँ कार्वाहि गर्ने भन्दा यस्ताभ्रष्ट नेताहरलाई चुनाबाँ भोटै नदिएर सडकाँ रुँदै हिँड्ने बनाउन सके त हो! हैन भने यिनले नै अब जनतालाई रुँदै हिँडने बनाउने भए। भिख मागेर खाने भिखारी मुलुकका जनता हामी त्यसाँनि त्यै भिख माग्या रुप्याँनि नेताले भष्टाचार गरेर नाङ्गै बना बेलाँ, भिख दिनेले भष्टाचार गर्या था पाएर भिखै दिन बन्द गरेछि अब नेता तहलाउने बाहेक जनतासित अरुत उपाएनै रहेन त। यो देशका नेतालाई हाम्ले मात्रै भष्टाचारी भन्या हैन क्यारे! यिनलाई त अन्तर्राष्ट्रिय संस्था FATF ले नि भष्टाचारी भनेर देशलाई ग्रेलिष्टमै राखि सक्यो। यस्तो अबस्थाँनि जनतासित सोधेर भष्टाचारीलाई कार्बाहि गर्ने आयोग बनामकि नबनाम भन्नू पर्छ र? हिम्मत भए अब भष्टाचारविरुध्द कदम चाल्न ाबता ले नि मौका जुराईद्याछ। साँच्चिकै तपाइँको भित्रि हृदयलेनै भष्टाचारीविरुध्द कार्बाहि गराउन चा' को हो भने सदनमै गएर उभिएर आयोग गठन नभए सदन अघि बढन नदिने भनेर आफ्ना पाटिका सांसदहरुलाई एकजुट बनाएर लाग्नोस त तपाइँको विरुध्द लाग्ने हिम्मत कस्ले गर्दो रैछ। सन २०११ देखिनै देश ग्रेलिष्टमा परि सकेकोमा देशमा भष्टाचारको अन्त्य र सम्पति शुध्दिकरण ऐन ल्याउँछु भनेर यतिका बर्षसम्मपनि ऐन नल्याएर संस्थालाई बेबकुफ बनाउने अनि ग्रेलिष्टमा परेकोमा रुवाबासी गर्ने! भष्टाचारीलाई कार्बाहि गर्ने आयोग मात्रै हैन कि सन ११ देखि देशमा जुनजुन ब्यक्ति शासन सत्तामा थिए र तिनले ाबता को सदस्य भाका नाताले ती कानुनहरु किन ल्याएनन तिनलाई कार्वाहि गर्ने आयोग पनि बनाउनु पर्छ तबमात्रै आउँदा दिनमा अरुका लागि पनि सबक बन्न सक्छ! हैनभने आयोग बनाउने कुरा र सहकारी छानविनका लागि बन्या आयोग जस्तो सूर्य थापाको ठेला न टुप्पो जस्तो आयोग बन्यो भने रबिले सहकारी आयोगलाई धोति लाइद्याभैँ लाईदेलाननि बिचार गर्नु पर्ला है महामन्त्री ज्यु! तपाइँको चाहना पूरा होस हाम्रो शुभकामना छ!

# लस एन्जलसमा नेपाली पर्यटन प्रवर्द्धन

**युग संवाददाता**
**काठमाडौँ, १२ फागुन।**

संयुक्त राज्य अमेरिकाको पर्यटन मेलामा नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ। लस एन्जलसमा यही फ्रेबुअरी २२ र २३ मा सञ्चालित 'एडभेन्चर ट्राभल शो' नेपाल पर्यटन बोर्डको नेतृत्वमा चार कम्पनीले सहभागिता जनाएका हुन्।

मेलामा नेपाल ट्रेक एडभेन्चर एण्ड एक्स्पीडिसन प्रालि, ओभ्का होलिडे टुर एण्ड ट्रेक्स प्रालि, फ्रेण्ड्स एडभेन्चर टिम प्रालि र नेपाल सेन्चुरी ट्रेक्स प्रालिले सहभागिता जनाएका हुन्। उक्त पर्यटन मेलामा नेपालले १५ वर्षपछि सहभागिता जनाएको हो।

नेपालको मनमोहक परिदृश्य, समृद्ध संस्कृति र रोमाञ्चकारी साहसिक पर्यटनबारेमा मेलामा जानकारी गराइएको मेलामा सहभागी ट्रेक एडभेन्चर एण्ड एक्स्पीडिसन प्रालिका सञ्चालक एवम् ट्रेकिङ एजेन्सीज एशोसियशन अफ नेपाल (टान)का पूर्वमहासचिव विनोद सापकोटाले जानकारी दिए।

सन् २०२४ मा नेपाल घुम्न आएका जम्मा पर्यटकमध्ये १० प्रतिशत अर्थात् एक लाख १२ हजार पर्यटक अमेरिकाको रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ। नेपाल आउने पर्यटकमध्ये भारतपछि अमेरिका दोस्रो नम्बरमा पर्छ। मेलामा नेपाल पर्यटन बोर्डका सञ्चालक सदस्य राजेन्द्र लामा, बोर्डका निर्देशक हिक्मतसिंह ऐर, पर्यटन व्यवसायी रमेश ओभ्का, नवीन पोखरेल, कुन्दन मिश्रलगायतको सहभागिता रहेको छ।

त्यसैगरी क्यालिफोर्नियाका लागि नेपालका अवैतनिक वाणिज्यदूत ऋषिप्रसाद ढकालको समेत उपस्थिति रहेको थियो। दुई दिनसम्म सञ्चालित उक्त मेलामा नेपालसहित ब्राजिल, जापान, इण्डोनेसिया, भियतनाम, ताइवान, कोरियालगायतका देशका करिब एक सय बढी स्टलहरु राखिएका थिए।

# भीम-कमला मल्ल अक्षयकोष छात्रवृत्ति वितरण

**युग संवाददाता**
**सुर्खेत, १२ फागुन।**



सुर्खेत बहुमुखी क्याम्पस वीरेन्द्रनगर सुर्खेतमा स्थापित भीम-कमला मल्ल अक्षयकोष छात्रवृत्ति सोमबार वितरण गरिएको छ। क्याम्पसमा विभिन्न सङ्कायमा स्नातक र स्नाकोरत्तर तह अध्ययनरत गरिव, जेहेन्दार, अपाङ्गता, उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको हो। सामाजिक विकास मन्त्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यता एवं क्याम्पस प्रमुख माधव प्रसाद खनालको अध्यक्षता र वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ का वडाअध्यक्ष टीकाराम शर्माको विशेष आतिथ्यतामा छात्रवृत्ति वितरण गरिएको थियो। क्याम्पसमा स्थापना गरिएको २५ लाखको अक्षय कोषबाट बार्षिक रुपमा प्राप्त भएको व्याज रकमबाट प्रति विद्यार्थी ६ हजारका दरले ७२ जना विद्यार्थीहरुलाई छात्रवृत्ति रकम वितरण गरिएको छ।

सोही अवसरमा अक्षयकोष दाताका आमा ८७ बर्षिया देउकली शाहीलाई सम्मान गरिएको थियो। अक्षय कोष स्थापना तथा क्याम्पसमा शैक्षिक भवन निर्माणमा एक करोडबढी रकम सहयोग जुटाउन महत्वपूर्ण भूमिका अक्षयकोष दाता धर्मराज शाहीले निर्वाह गरेका थिए।

# घोराही-तुलसीपुर चार लेन सडक निर्माणका लागि बोलपत्र आह्वान

**युग संवाददाता**
**दाङ, १२ फागुन।**

दाङको घोराही-तुलसीपुर जोड्ने चार लेनको सडक निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ। भारतीय एक्जिम बैंकको ऋण लगानीमा निर्माण हुने उक्त सडकको ठेक्का छ वर्षअघि भारतीय कम्पनी तथ्य इन्जिनियरिङ एन्ड इन्फ्रा प्रोजेक्टले पाएको थियो। तर उक्त कम्पनीले अन्य नेपाली ठेकेदार कम्पनीलाई जिम्मा लगाएपछि सडक निर्माणले गति लिन सकेको थिएन।

पछिल्लो पटक २०७८ साल फागुन २६ गतेदेखि श्रेष्ठ कन्स्ट्रक्सनलाई सडक निर्माणको जम्मेवारी दिइएको थियो। उक्त कम्पनीले पनि सडकका दायाँबायाँ ठुल्ठूला खाल्डा बनाएर काम छाडेको भन्दै चौतर्फी विरोध भएपछि नेपाल सरकारले उक्त ठेक्का सम्झौता तोडेको थियो।

अहिले पुनः नेपाल सरकारकै लागतमा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले ठेक्का आह्वान गरेको हो। आयोजनाको लागत रु तीन अर्ब १९ करोड रहेको छ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयका निर्देशक इन्जिनियर दीप बाराहीका अनुसार यही फागुन ३० गतेसम्म आवेदन गर्ने अवधि छ। उनका अनुसार विगतजस्तो कतै चार लेन र कतै दुई लेन नभइ सबै खण्डमा चार लेनको सडक हुनेछ।

विगतमा बजार क्षेत्रमा दुई लेन मात्रै सडक बनाउने प्रस्ताव थियो। घोराहीको डिके पेट्रोलपम्पदेखि तुलसीपुरको हातीखौवासम्मको २१ किलोमिटर सडक खण्ड ३० मिटर चौडाइको हुनेछ। सम्झौता भएको ३६ महिनाभित्र काम सक्ने गरी आयोजनाको काम अघि बढ्नेछ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**विज्ञापन दर/रेट सम्बन्धी सूचना**

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**विज्ञापन दर/रेट**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
| --- | --- | --- |
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
| --- | --- | --- |
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रु. ८,००,०००/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत।